# मंगला गाउँपालिकाको गाउँसभामा

उपाध्यक्ष श्री प्रेम कुमारी क्षेत्रीद्वारा

प्रस्तुत भएको

## आर्थिक वर्ष २०८१/२०८२ को

## मंगला गाउँपालिकाको बजेट तथा कार्यक्रम

सभामा पेश भएको मितिः २०८१/०३/०७

सभाबाट पारित भएको मितिः २०८१/०३/०७

**मंगला गाउँपालिका**

बाबियाचौर, म्याग्दी

०७ असार, २०८१

# मंगला गाउँपालिकाको तर्फबाट गाउँसभामा पेश गरिएको बजेट तथा कार्यक्रम

श्रद्धेय अध्यक्षज्यू, एवं सम्मानित गाउँ सभाका सदस्य ज्यूहरु,

१. मंगला गाउँपालिकाको यस गरिमामय सभामा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आगामी आर्थिक वर्ष २०८१/८२ को लागि राजश्व र व्ययको अनुमान सहित वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस महत्वपूर्ण अवसरमा नेपालको लोकतान्त्रिक आन्दोलनमा जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।साथै राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु।

३. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीयतहलाई दिएको अधिकारका विषयमा केन्द्रित रही प्राप्त अवसरको उपयोग गर्दै स्थानीय जनताको आवश्यकता अनुरुप विकास, समृद्धि र सुशासन केन्द्रित बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु ।शिक्षा, स्वास्थ्य, सुरक्षित आवास, खानेपानी लगायत जनताको आधारभुत आवश्यकता लक्षित कार्यक्रमहरु यस बजेटमा समावेश गरेको छु । दिगो, टिकाउ तथा सुरक्षित पूर्वाधार निर्माणको लागि बजेटको सबै भन्दा बढि रकम विनियोजन गरिएको छ ।कृषि, पशुपालन, पर्यटन लगायतका आर्थिक क्षेत्रको विकास र विस्तार गरी आय आर्जन र रोजगारीको सिर्जना गर्ने, समाजमा पछि परेका वर्ग, क्षेत्र, लिङ्ग र समूदायलाई अर्थोपार्जनमा जोड्ने, साँस्कृतिक सम्पदाको संरक्षण गर्ने, युवाहरुलाई प्रोत्साहन गर्ने, सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी छिटो, छरितो र गुणस्तरिय सेवा प्रदान गर्ने विषय तर्फ यस बजेट तथा कार्यक्रम लक्षित रहेको छ ।

४. संविधानका नीति निर्देशक सिद्धान्त, नेपाल सरकार र प्रदेश सरकारका आवधिक योजना, नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्य, गाउँपालिकाले तय गरेको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना, गाउँपालिकाले जनतालाई उपलब्ध गराउनु पर्ने सेवा, प्रचलित ऐन, कानून तथा कार्यविधि, मापदण्डलाई यस बजेटको मार्गदर्शनको रुपमा लिएको छु ।

५. स्थानीय सरकारको आन्तरिक स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजस्व बाँडफाँटलाई मुल आम्दानीको स्रोत मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । साथै, यस बजेटमा गाउँपालिकाको आफ्नो क्षेत्राधिकारभित्रको कर तथा गैर कर राजस्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु ।

**श्रद्धेय अध्यक्ष ज्यू, एवं गाउँसभाका सदस्य ज्यूहरु,**

**अव म बजेटको लक्ष्य, उद्देश्य एवं प्राथमिकताको क्षेत्र प्रस्तुत गर्दछु ।**

६. **"मंगला गाउँपालिका बासीको आय र जीवनस्तरमा गुणात्मक र दिगो सुधार ल्याउने"** भनि मंगला गाउँपालिकाको प्रथम आवधिक योजनाले लिएको लक्ष्यलाई केन्द्र बिन्दुमा राखेर गाउँपालिकामा उपलब्ध वित्तिय, भौतिक र अन्य स्रोत साधनको प्रभावकारी परिचालन मार्फत आर्थिक–सामाजिक रुपान्तरण सहित स्थानीय पूँजिको विकास गर्दै सामाजिक न्याय, समानता र सामाजवादी अर्थतन्त्रको आधार खडा गर्ने अभियानमा पूर्ण रुपमा समाहित हुँदै गाउँपालिकालाई समृद्ध, समुन्नत र कृषिमा आत्मनिर्भर, गाउँपालिका बनाउने लक्ष्य तर्फ यस बजेट तथा कार्यक्रम निर्देशित रहेको छ ।

७. **आगामी वर्षको लागि प्रस्तावित बजेटको लागि तपशिल बमोजिमका उद्देश्यहरु तय गरेको छु ।**

- स्वस्थ, सिर्जनशिल, सीपयुक्त, समावेशी र आत्मनिर्भर समाजको निर्माण गर्ने,
- अन्तर आवद्धता, बजार तथा आधारभूत सुविधाको स्तर वृद्धि गर्ने,
- वन वातारण, जैविक विविधता, जलस्रोत र जमीनको दीगो उपयोग गर्ने,
- सेवा सुविधा, कार्यसम्पादन तथा जवाफदेहिताको स्तर अभिवृद्धि गर्ने,
- निरन्तर कृषि योगदान गर्ने कृषकहरुलाइ प्रोत्शाहन गरी कृषिमा आत्मनिर्भर गाउँपालिका बनाउने,
- मंगला गाउँपालिका क्षेत्रको विकास प्रकृयालाई स्थानीय समुदायको सक्रिय सहभागितामा दिगो भौतिक पूर्वाधार विकासका संरचनाहरुलाई अगाडि बढाउने,
- मंगला गाउँपालिकाको केन्द्र देखि सबै वडाहरुमा नमूना सडक निर्माण सहित हरेक टोलवस्तिलाई सडक सञ्जालमा जोड्ने,
- गाउँपालिकाको आन्तरिक आय बढाउनको लागि स्थानीय तहको अधिकार क्षेत्र भित्रको श्रोत पहिचान गरी करको दायरा विस्तार गर्नु र आन्तरिक आम्दानी वृद्धि गर्नु,
- विद्यालयहरुलाई भौतिक पूर्वाधारको विकास सहित शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्ने,
- यूवा, महिला, वालवालिका,जेष्ठ नागरिक, दलित, अपाङ्गता भएका ब्यक्ती, द्वन्द पिडित संरक्षक विहिन बालबालिका लगायतका ब्यक्तिहरुलाई सामाजिक समावेशीकरण तथा सशक्तिकरण गर्दै मुल प्रवाहीकारणमा टेवा पुऱ्याउने,
- पर्यटनको विकासका लागि आधारभूत पूर्वाधारहरु तयार पार्ने,
- विभिन्न भाषा तथा सँस्कृतिको संरक्षण तथा सम्बर्द्धन गर्ने,
- गाउँपालिकाको सँस्थागत विकास र आम नागरिकहरुको क्षमता विकासका कार्यहरु सञ्चालन गर्ने ।

**श्रद्धेय अध्यक्ष ज्यू, एवं गाउँसभाका सदस्य ज्यूहरु,**

अब म चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक योजना/कार्यक्रम तर्जुमा तथा प्राथमिकिकरणका आधारहरु तथा प्रकृयाका वारेमा संक्षिप्तमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

८. आगामि आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न आधारहरुलाई लिइएको छ ।

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची, मौलिक हकहरु, राज्यका नीति निर्देशक सिद्धान्तहरु, धारा ५९ को आर्थिक अधिकार र भाग १९ को स्थानीय आर्थिक कार्य प्रणाली,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको र आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताका क्षेत्रहरु,
- संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु साथै मार्गदर्शनहरु,
- मंगला गाउँपालिकाको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु, गाउँपालिकाको मध्यमकालिन खर्च संरचना,
- स्थानीय सरकार संचालन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ तथा नियमावली २०७७, गाउँपालिकाले हालसम्म बनाएका ऐन, नियम, कार्यविधि एवम् प्रचलित ऐन र नियमावलीका प्रावधानहरु,
- दिगो विकासका लक्ष्य स्थानीकरण,
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, जलवायू परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास,

वाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, पुर्ण सरसफाई, उर्जा संकट व्यवस्थापन लगाएतका अन्तर सम्बन्धित विषयहरु,

- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु,

९. आगामी वर्षको वजेट तथा कार्यक्रम निम्न प्राथमिकताका आधारमा तर्जुमा गरिएको छ ।

- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने ठूला आयोजनाहरु,
- राजश्व परिचालनमा योगदान पुऱ्याउने,
- कृषिमा आत्मनिर्भर हुन योगदान पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरमा अभिवृद्धि हुने,
- स्थानीय स्तरमा नै रोजगारी सृजना गर्न योगदान पुऱ्याउने,
- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- समुदायलाई विपद तथा जलवायु परिवर्तनको प्रभावबाट उत्थानशिल (Resilience) बनाउने,
- स्थान विशेषको संस्कृति र पहिचानको संरक्षण र प्रवर्धन गर्ने,
- स्थानीय तहको आवश्यकताका अन्य विषयहरु,

**श्रद्धेय अध्यक्ष एवं गाउँसभाका सदस्य ज्यूहरु,**

अव म चालु आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयनको समिक्षा सङ्क्षेपमा  प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१०. चालु आर्थिक वर्षमा हालसम्म आन्तरिक राजश्व रु. ५७ लाख २८ हजार ९ सय १८ रुपैंया संकलन भएको छ ।संघिय वित्तिय समानिकरण अनुदान तर्फ रु. ६ करोड ४ लाख ५८ हजार रुपैंया अनुमानको ७४ प्रतिशत, संघिय राजश्व बाँडफाँड ५ करोड ९७ लाख ३८ हजार ६ सय २४ रुपैंया अनुमानको ७४.१४ प्रतिशत प्राप्त भएको छ । नेपाल सरकारले गरेको परिपत्र अनुसार वित्तिय समानिकरण अनुदान तर्फको रकम मध्ये लगभग २५ प्रतिशत रकम प्राप्त हुने वा नहुने भन्ने विषयमा अन्यौलता छ ।

११. चालु आर्थिक वर्षमा मंगला गाउँपालिकाको कुल खर्च ४७ करोड ६३ लाख ७४ हजार ४ सय ३१ हुने संशोधित अनुमान रहेको छ ।जसमध्ये चालु खर्च रु. २९ करोड १६ लाख १६ हजार रुपैंया र पुँजिगत खर्च रु १८ करोड ४७ लाख ५८ हजार ४ सय ३१ हुने संशोधित अनुमान गरिएको छ ।

१२. चालु आर्थिक वर्षमा हालसम्म कुल चालु खर्च २२ करोड ९४ लाख १७ हजार ८ सय ७५ रुपैंया, विनियोजनको ७८.६७ प्रतिशत र पुँजिगत खर्च ७ करोड ११ लाख ८० हजार ५ सय ३३ रुपैंया विनियोजनको ३८.५३ प्रतिशत गरी जम्मा ३० करोड ५ लाख ९८ हजार ४ सय ८ रुपैंया विनियजनको ६३.१ प्रतिशत खर्च भएको छ ।

**श्रद्धेय अध्यक्ष ज्यू, एवं गाउँसभाका सदस्य ज्यूहरु,**

अब म क्षेत्रगत रुपमा आगामी वर्ष २०८१/८२ को लागि आय व्ययको प्रक्षेपण सहित बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**आम्दानी तर्फको अनुमानः**

१३. आर्थिक वर्ष २०८१/८२ को लागि गाउँपालिकाको आन्तरिक श्रोत तर्फ रु. १ करोड ८० लाख (बैङ्क मौज्दात सहित) आय अनुमान गरीएको छ ।

१४. ढुङ्गा, गिट्टि बालुवा बिक्रि (दहत्तर बहत्तर) बाट २८ लाख २० हजार रुपैंया आय अनुमान गरिएको छ ।

१५. घर जग्गा रजिष्ट्रेशन दस्तुरबाट रु. ६ लाख आय अनुमान गरिएको छ ।

१६. त्यस्तै, नेपाल सरकार, राजश्व बाँडफाँड( भ्याट र अन्तशुल्क ) बाट ७ करोड ५८ लाख ७९ हजार ७ सय ८४ रुपैंया आय अनुमान गरिएको छ ।त्यस्तै वन रोयल्टि वापत २१ हजार ३ सय ६९ रुपैंया र पर्वतारोहण रोयल्टि तर्फ ९८ हजार ८ सय ४७ रुपैंया आय अनुमान गरिएको छ ।

१७. गण्डकी प्रदेश सरकारबाट राजस्व बाँडफाँड वापत रु. ६० लाख ४ हजार रुपैंया आय अनुमान गरिएको छ ।

१८. संघीय सरकारबाट सशर्त अनुदान चालु तर्फ १९ करोड ६९ लाख ३१ हजार रुपैंया, सशर्त पुँजिगत तर्फ १ करोड ९० लाख रुपैंया, संघिय विशेष अनुदान पुँजिगत २ करोड ६५ लाख रुपैंया, संघिय समपुरक अनुदान पुँजिगत रु. ३ करोड ९० लाख र संघिय समानिकरण अनुदान तर्फ ८ करोड ५ लाख रुपैंया आय अनुमान गरिएको छ ।संघीय विशेष अनुदान तर्फ २ करोड ६५ लाख आय अनुमान गरिएको छ ।

१९. त्यस्तै, गण्डकी प्रदेश सरकारबाट प्रदेश विशेष अनुदान ४० लाख रुपैंया, प्रदेश समपुरक अनुदान पुँजिगत ६० लाख रुपैंया र प्रदेश समानिकरण अनुदान तर्फ ९६ लाख ५१ हजार रुपैंया आय अनुमान गरिएको छ ।

२०. यसरी आर्थिक वर्ष २०८१/८२ को लागि गाउँपालिकाको कुल जम्मा ४९ करोड ९ लाख ३१ हजार ८ सय रुपैंया आय अनुमान गरिएको छ ।

२१. आय अनुमानको शीर्षकगत विवरण अनुसूची- १ मा समावेश गरिएको छ ।

**श्रद्धेय अध्यक्ष ज्यू, एवं गाउँसभाका सदस्य ज्यूहरु,**

**अव म मंगला गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को व्यय अनुमान क्षेत्रगत रुपमा यस सम्मानित सभामा प्रस्तुत गर्दछु ।**

## सामाजिक विकास

**शिक्षा तर्फः**

२२. आगामि आर्थिक वर्षका लागि बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी र शुन्य दरबन्दी भएका विद्यालयमा गाउँपालिका अनुदान अन्तर्गतका शिक्षकहरुको तलब भत्ताको लागि गाउँपालिकाबाट १ करोड २३ लाख रुपैंया विनियोजन गरेको छु ।

२३. विद्यालय भवन निर्माण, मर्मत सम्भार, सौचालय निर्माण तथा घेरावार लगायत विद्यालय पूर्वाधार विकासको लागि बजेट विनियोजन गरेको छु ।

२४. बालबालिकासँग अध्यक्ष कार्यक्रम अन्तर्गत बालविकास केन्द्रका बालबालिकाहरुलाई दुध वितरण गर्नको लागि ११ लाख रुपैंया विनियोजन गरेको छु ।

२५. राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिताको लागि १२ लाख रुपैंया विनियोजन गरेको छु ।

२६. शिक्षक तथा वि.व्य.स. पदाधिकारीहरूको क्षमता अभिवृद्धिको लागि रकम विनियोजन गरेको छु ।

२७. नेपाल सरकारको सशर्त अनुदान सहित शिक्षा तर्फ रु. १७ करोड ७६ लाख ८५ हजार रुपैंया विनियोजन गरिएको छ ।

**स्वास्थ्य तर्फः**

२८. **"सवैको लागि आधारभुत र गुणस्तरिय स्वास्थ्य सेवा"** को अवधारणा अनुरुप सबै नागरिकहरुलाई गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि बजेट विनियोजन गरेको छु ।

२९. औषधिको उपलब्धता सुनिस्चित गर्नको लागि सशर्त अनुदान बाहेक १२ लाख ५० हजार रुपैंया विनियोजन गरेको छु ।

३०. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यलाई लक्षित गरी सुत्केरी महिलासँग उपाध्यक्ष कार्यक्रममा ३ लाख रुपैंया विनियोजन गरेको छु ।

३१. स्वास्थ्य शिविर कार्यक्रमको लागि ५ लाख रुपैंया विनियोजन गरेको छु ।

३२. गाउँघर स्वास्थ्य शिक्षा कार्यक्रमको लागि १ लाख ६० हजार रुपैंया विनियोजन गरेको छु ।

३३. यसरी स्वास्थ्य तर्फ आगामी आर्थिक वर्षको लागि नेपाल सरकारको सशर्त अनुदान सहित रु. २ करोड ७८ लाख ९४ हजार रुपैयाँ विनियोजन गरेको छु ।

**युवा तथा खेलकुद तर्फः**

३४. गाउँपालिकामा खेल क्षेत्रको विकास गर्न खेल मैदान निर्माणको लागि बजेटको व्यवस्था गरिएको छ ।

३५. अध्यक्ष कप खेलकुद कार्यक्रम संचालनको लागि ५ लाख रुपैंया विनियोजन गरेको छु ।

३६. युवाहरूको क्षमता विकास गरी लाभ प्राप्त गर्न युवा उत्प्रेरणा कार्यक्रममा ३ लाख रुपैंया विनियोजन गरेको छु ।

३७. समग्रमा युवा तथा खेलकुद क्षेत्र तर्फ ३३ लाख ५० हजार रुपैंया विनियोजन गरेको छु ।

**भाषा तथा संस्कृति तर्फ**

३८. गाउँपालिका भित्रको भाषा, लोक संस्कृति एवं सांस्कृतिक सम्पदाको संरक्षण, संबर्धन, प्रचार प्रसार र विकास गर्नको लागि बजेटको व्यवस्था गरिएको छ ।

३९. परम्परागत आरन संरक्षणको लागि १ लाख रुपैंया विनियोजन गरेको छु ।

४०. समग्रमा भाषा तथा संस्कृति तर्फ ३  लाख रुपैंया विनियोजन गरेको छु ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण तर्फ**

४१. उपध्यक्षसँग महिला सशक्तिकरण कार्यक्रमको लागि ३ लाख रुपैंया विनियोजन गरेको छु ।

४२. समाजमा पछाडी परेका समुदायको उत्थनाको लागि बजेट विनियोजन गरेको छु । महिला, जनजाती, दलित, अपाङ्गता भएका व्यक्ति, सम्पूर्ण लक्षित वर्गका नागरिकहरुको

आवश्यकतालाइ सम्बोधन गरी मुल प्रवाहिकरण गर्ने नीतिलाई मुर्तरुप दिन यस क्षेत्रमा १५ लाख ९० हजार रुपैंया विनियोजन गरेको छु ।

**सामाजिक सुरक्षा तथा संरक्षण तर्फ**

४३. आर्थिक र सामाजिक रुपमा जोखिममा रहेका नागरिक, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, द्वन्द पिडित, असहायहरुको सामाजिक सुरक्षाको लागि बजेट व्यवस्था गरिएको छ ।

४४. विपन्न बालबालिका सहायता कार्यक्रममा १ लाख ५० हजार रुपैंया विनियोजन गरेको छु ।

४५. बालमैत्री स्थानीय तह निर्माण कार्यक्रमका लागि ३ लाख रुपैंया विनियोजन गरेको छु ।

४६. द्वन्द पिडित सहायता कार्यक्रमका लागि १ लाख रुपैयाँ विनियोजन गरेको छु ।

४७. अपाङ्गता भएका व्यक्ति लक्षित सहयोग सामाग्री वितरणका लागि १ लाख ५० हजार रुपैंया विनियोजन गरेको छु ।

४८. समग्रमा सामाजिक सुरक्षा तथा संरक्षण तर्फ ३१ लाख ९५ हजार रुपैंया विनियोजन गरेको छु ।

**खानेपानी तथा सरसफाई तर्फ**

४९. सुरक्षित खानेपानी तथा सरसफाई युक्त बस्ति विकासको लागि खानेपानी आयोजना निर्माण तथा मर्मत सम्भारको लागि बजेटको व्यवस्था गरिएको छ ।

५०. नेपाल स्वास्थ्यको लागि पानि (नेवा) सँगको लागत साझेदारीमा “एक घर एक धारा खानेपानी आयोजना” सञ्चालनको लागि ५६ लाख समपुरक कोषको व्यवस्था गरेको छु ।

५१. फोहोरमैला व्यवस्थापन खर्चमा ३ लाख रुपैंया विनियोजन गरेको छु ।

५२. समग्रमा खानेपानी तथा सरसफाई तर्फ ६२ लाख ५० हजार रुपैंया विनियोजन गरेको छु ।

५३. यसरी सामाजिक विकास क्षेत्रमा सर्शत अनुदान समेत गरी जम्मा २२ करोड २ लाख ६४ हजार रुपैंया विनियोजन गरेको छु ।

## आर्थिक विकास

५४. कृषि, पशु विकास, पर्यटन तथा लघु उद्यम क्षेत्रको विकास मार्फत जनतालाई आय आर्जनमा जोडी आर्थिक समृद्धि हासिल गर्नको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

**कृषि तर्फ**

५५. कृषि क्षेत्रको विकास मार्फत उत्पादनमा वृद्धि गरी खाद्य सुरक्षाको सुनिस्चितता एवं कृषकहरुको आय आर्जना वृद्धि गर्नेको लागि अनुदान कार्यक्रमहरु तर्जुमा गरिएको छ ।

५६. कृषकहरुलाई विउ बिजन वितरण गर्नको लागि २ लाख रुपैंया विनियोजन गरेको छु ।

५७. अलैचि विरुवा वितरणको लागि १ लाख रुपैंया, वर्षे र हिउँदे फलफुल विरुवा वितरण गर्नको लागि रु ४ लाख विनियोजन गरेको छु ।

५८. कृषि मेशिनरी औजार तथा सामाग्री खरिद र वितरण (५० प्रतिशत अनुदान) का लागि ९ लाख रुपैंया, ग्रिन हाउस निर्माणका लागि ५ लाख रुपैंया विनियोजन गरेको छु ।

५९. समग्रमा कृषि तर्फ ४२ लाख ७५ हजार रुपैंया विनियोजन गरेको छु ।

**पशु विकास तर्फ**

६०. गाउँपालिकालाई पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन तथा पशुपालक कृषकहरुको अर्थोपार्जनमा योगदान पुऱ्याउनको लागि पशु विकास कार्यक्रमहरु तय गरिएको छ ।

६१. भेटनरी औषधि तथा खोपको लागि ७ लाख रुपैंया, नमूना बाख्रा पालन टोल निर्माण (५० प्रतिशत अनुदान) का लागि ६ लाख ५० हजार रुपैंया, सुत्केरी पशु आहार प्रोत्साहन कार्यक्रममा २ लाख रुपैंया विनियोजन गरेको छु ।

६२. व्यावसायिक पशुपंक्षि पालन तालिम  तथा रोग निवारणका लागि बजेटको व्यवस्था गरेको छु ।समग्रमा पशु विकास तर्फ ३३ लाख ७२ हजार रुपैंया विनियोजन गरेको छु ।

**उद्योग तर्फ**

६३. लघु तथा घरेलु उद्योगको विकास तथा प्रविधि हस्तान्तरण गरी आय आर्जनमा वृद्धि गर्नको लगि उद्योग तर्फ २४ लाख रुपैंया विनियोजन गरेको छु ।

**जलस्रोत तथा सिंचाई**

६४. कृषि योग्य भुमिको उर्वरा क्षमता वृद्धि गरी कृषि उत्पादन वृद्धि गर्न लागि सिँचाई आयोजना निर्माण तथा मर्मत संभारको लागि २३ लाख रुपैंया विनियजन गरेको छु ।

६५. आर्थिक विकास तर्फ कुल जम्मा १ करोड २३ लाख ४७ हजार रुपैंया विनियोजन गरेको छु ।

## पूर्वाधार विकास

**यातायात पूर्वाधार**

६६. गाउँपालिकालाई वडा कार्यालयसँग जोड्ने एवं मुख्य रणनीतिक सडकहरुको स्तरोन्नती गरी कालोपत्रे तथा ढलान गर्ने नीति अनुरुप आगामि वर्षको लागि नेपाल सरकार समपुरक अनुदान र गाउँपालिकाको लागत सहभागिता सहित सिम कोत्रबाङ

खुम्ल्या पैंयुपाटा कुँहुँ पुर्णगाउँ टोड्के सडक स्तरोन्नतीको लागि ४ करोड ४० लाख रुपैंया, पुल चोक पिपलबोट, पाँखु, धारा, सिर्कुम, टिकाबाङ सडकको लागि ३ करोड ४० लाख रुपैंया र काफलचौर सल्यान भर्जुला हिदी सडक स्तरोन्नतीको लागि प्रदेश समपुरक अनुदान सहित १ करोड रुपैंया विनियोजन गरेको छु ।

६७. गाउँपालिकाका सहायक बाटोहरुको स्तरोन्नती तथा नयाँ सडक निर्माणका लागि बजेटको व्यवस्था गरिएको छ ।

६८. समग्रमा यातायात पूर्वाधारतर्फ १० करोड ५३ लाख रुपैंया विनियोजन गरेकोछु ।

**भवन आवास तथा सहरी विकास**

६९. मंगला शिक्षा क्याम्पस छात्रावास भवन निर्माणको लागि संघीय विशेष अनुदान अन्तर्गत २ करोड ६५ लाख रुपैंया विनियोजन गरेको छु ।

७०. महेन्द्र रत्न मा.वि. छात्रावास भवन निर्माणको लागि प्रदेश विशेष अनुदान अन्तर्गत ४० लाख रुपैंया विनियोजन गरेको छु ।

७१. वडा नं. ५ को डिही गाउँमा सामूदायीक क्रियापुत्री भवन निर्माण गर्नको लागि संघीय सशर्त अनुदान तर्फ ८० लाख रुपैंया विनियोजन गरेको छु ।

७२. विद्यालय भवन, सामुदायिक भवन लगायत सुरक्षित भवन आवास तथा शहरी विकास गर्नको लागि भवन आवास तथा सहरी विकास तर्फ ५ करोड ५९ लाख रुपैंया विनियोजन गरेको छु । त्यस्तै सम्पदा पुर्वाधार तर्फ ४८ लाख रुपैंया विनियोजन गरी पूर्वाधार विकास क्षेत्रमा कुल जम्मा १६ करोड ६० लाख रुपैंया विनियोजन गरेको छु ।

**कार्यालय सञ्चालन तथा प्रशासनीक**

७३. मंगला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाबाट गुणस्तरिय र नागरिक मैत्री सेवा प्रवाह गर्नको लागि कर्मचारीको पारिश्रमिक, पदाधिकारीहरुको सुविधा, मसलन्द तथा कार्यालय सामाग्री लगायत अन्य

प्रशासनीक खर्चको लागि ५ करोड ८० लाख १० हजार ८ सय रुपैंया विनियोजन गरेको छु ।

## <u>सुशासन तथा अन्तर सम्बन्धित</u>

७४. गाउँपालिका कार्यालय र मातहतका निकायहरुको संस्थागत क्षमता विकास गरी गुणस्तरीय, पारदर्शी, निश्पक्ष एवं छिटो छरितो, सेवा प्रदान गर्न, रोजगारीको सिर्जना गरी गरिबि न्यूनिकरणमा टेवा पुऱ्याउन, वातावरण संरक्षण गर्न, विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्नको लागि सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा यथोचित बजेटको व्यवस्था गरेको छु ।

७५. अध्यक्षसँग राहत उद्धार तथा पूनर्स्थापना कार्यक्रममा ७ लाख रुपैंया विनियोजन गरेको छु ।

७६. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा अनुगमन तथा मूल्याङ्कन तर्फ सशर्त सहित ३३ लाख ४८ हजार रुपैंया, वातावरण तथा जलवायु तर्फ ४ लाख रुपैंया, विपद व्यवस्थापन तर्फ ३२ लाख रुपैंया, मानव संशाधन विकास तर्फ ३५ लाख ९० हजार रुपैंया श्रम तथा रोजगारी तर्फ ९२ लाख २२ हजार रुपैंया, गरिबी निवारण तर्फ ५ लाख रुपैंया, प्रशासकीय सुशासन तर्फ १ करोड २१ लाख ५० हजार रुपैंया विनियोजन गरेको छु । सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा कुल जम्मा ३ करोड २५ लाख १० हजार रुपैंया विनियोजन गरेको छु ।

श्रद्धेय अध्यक्ष ज्यू, एवं गाउँसभाका सदस्य ज्यूहरु,

**अव म आगामी आर्थिक वर्षको कुल व्यय अनुमान प्रस्तुत गर्दछु ।**

७७. आय तर्फ रु. ४९ करोड ९ लाख ३१ हजार ८ सय अनुमान गरिएकोमा उक्त रकमबाट आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न चालु तर्फ रु. २९ करोड ५४ लाख ३१ हजार ८ सय र पुँजिगत तर्फ रु. १९ करोड ५५

लाख गरी कुल जम्मा ४९ करोड ९ लाख ३१ हजार ८ सय रुपैंया रकम विनियोजन गरेको छु ।

७८. आगामि वर्षको लागि विनियोजन भएका क्रियाकलापहरु र रकम अनुसूची- २ मा समेवेश गरेको छु ।

७९. आगामी आर्थिक वर्षको व्यय अनुमानको विवरण (उपशिर्षकगत तथा खर्च शीर्षकगत समेत) गाउँपालिकाको विनियोजन विधेयक, २०८१ संगै पेश गरेको छु ।

**श्रद्धेय अध्यक्ष ज्यू, एवं गाउँसभाका सदस्य ज्यूहरु,**

**अव म आर्थिक वर्ष २०८१/८२ को लागि राजस्वका नीति प्रस्तुत गर्दछु ।**

८०. स्थानीय सरकारको क्षेत्रभित्रका करको आधार फराकिलो पार्दै आन्तरिक राजस्व वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीति लिएकोछु ।

८१. कर तथा गैर कर राजस्व सङ्कलनलाई प्रभावकारी बनाउन कानुनी तथा संस्थागत सुधार गरिनेछ ।

८२. ढुङ्गा, गिटी, बालुवा, लगायतका दहत्तर बहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन कर स्थानीय तहबाट संकलन गरी ग-४-२ राजश्व बाँडफाँड खातामा जम्मा गरी ६० प्रतिशत स्थानीय तहमा राखी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा हुने कानुनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

८३. गाउँपालिका भित्रका व्यापारिक र व्यावसायिक प्रकृतिका मनोरञ्जनका महोत्सव, उत्सव तथा मेला आदिमा मनोरञ्जन करको व्यवस्था मिलाईनेछ ।

८४. गाउँपालिका भित्रमा परिवर्तित करका दरहरु आर्थीक ऐन २०८१ यसै साथ पेश गरेको छु ।

८५. कर सम्वन्धी प्रस्ताव आर्थिक विधेयक,२०८१ यसै साथ प्रस्तुत गरेको छु । कर सम्वन्धी प्रस्ताव सम्वत २०८१ साल साउन १ गतेबाट लागू हुने व्यवस्था मिलाएको छु ।

**श्रद्धेय अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू एवं गाउँसभाका सदस्य ज्यूहरु,**

८६. यस बजेटको कार्यान्वयनमा नागरिक सहभागितालाई नागरिकको अधिकारको रुपमा स्थापित गरी स्वशासन र जनताद्वारा शासनको चरितार्थ गरी जनताप्रति पूर्ण जिम्मेवारपूर्वक भूमिका निर्वाह गर्ने कार्यमा मंगला गाउँपालिका पूर्ण प्रतिवद्ध छ ।

८७. यस बजेटको सफल कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु । साथै मुलुक भित्र र वाहिर रहनु भएका सवै नेपालीलाई समृद्ध मंगला, सुखी मंगलावासी निर्माणको हाम्रो महान यात्रामा सहभागी हुन आब्हान गर्दछु ।

८८. अन्तमा, यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष, गाउँसभाका सदस्यहरु, विभिन्न राजनीतिक दल, निजी क्षेत्र, बैंक वित्तिय संस्था, सहकारी क्षेत्र र नागरिक समाजका व्यक्तित्वहरु, कर्मचारीहरु तथा पत्रकार जगतबाट प्राप्त सुझाव, सहयोग र सल्लाह दिनुहुने सवै प्रति हार्दिक आभार प्रकट गर्दछु । यस बजेट तर्जुमा प्रक्रियामा सहयोग गर्ने सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दछु ।

**प्रस्तुतकर्ताः**
**प्रेम कुमारी क्षेत्री**
**उपाध्यक्ष**
**मंगला गाउँपालिका**
**मितिः २०८१/०३/०७**

# मंगला गाउँपालिका

## बाबियाचौर, म्याग्दी

अनूसुची-१

स्रोत अनुमान

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संसोधित अनुमान | आ.व २०८१/८२ को अनुमान |
|---|---|---|---|
| आय | | | |
| राजस्व | | | ४९०९३१८०० |
| आन्तरिक श्रोत | | | २३९२५८०० |
| ११३१३ एकीकृत सम्पती कर | ५८१७४८ | ३००००० | ५००००० |
| ११३१४ भुमिकर/मालपोत | ७१७६०७ | ५००००० | ५०५००० |
| ११३२१ घरवहाल कर | ४३४५०२ | २००००० | २०२००० |
| ११३२२ वहाल विटौरी कर | २९४७७८ | २००००० | २०२००० |
| ११४७९ अन्य मनोरञ्जन कर | ० | ० | ० |
| ११६९१ अन्य कर | १४८७१५८.४९ | ५००००० | ८००००० |
| १४२२४ परीक्षा शुल्क | ५०० | ३०००० | ३०३०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १४००० | ४००००० | ४०४००० |
| १४२४३ सिफारिश दस्तुर | २४०७७०२ | १५००००० | १५१५००० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ४०४२७० | ३००००० | ३०३००० |
| १४२४५ नाता प्रमाणित दस्तुर | २८१८८६ | ३००००० | ३०३००० |
| १४२४९ अन्य दस्तुर | ८४५०१६ | ५००००० | ५०५००० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | २६८६०० | ३००००० | ३०३००० |
| १४२६५ अन्य क्षेत्रको आय | ० | ० | ० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | २००००० | २०२००० |
| १४६११ व्यवसाय कर | ६१०५० | १५०००० | १५१५०० |
| ३२१२१ नगद | ० | ० | ० |
| १४५२९ अन्य राजस्व | ० | ० | ० |
| १५१११ बेरूजू | ० | ० | ० |
| ३२१२२ बैंक मौज्दात | १७१०२१४७ | ३४९०७७३१ | १८०००००० |
| राजश्व बाँडफाँड स्थानीय | | ० | २८२०००० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | २१५५५६० | २५००००० | २८२०००० |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरन्जन कर | ० | ० | ० |
| राजश्व बाँडफाँड संघीय सरकार | ० | ० | ७६६००००० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ४३२८२५६१ | ५०१०५७०० | ५५६६२४५३ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | १५९६५०६८.६७ | २१५००००० | २०२१७३३१ |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ० | ५०००० | २१३६९ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ६७१७१.९४ | ५००००० | ६००००० |
| १४१५८बाँडफाँड भई प्राप्त पर्वतारोहण बापतको रोयल्टी | ० | ० | ९८८४७ |
| बाँडफाँडबाट प्राप्त हुने राजश्व प्रदेश सरकार | ० | ० | ६००४००० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ५५०१३२१ | ५९२१००० | ६००४००० |
| संघीय सरकार | ० | ० | ३६१९३१००० |
| १३३११ समानिकरण अनुदान | ८४०८२५०० | ८१७००००० | ८०५००००० |
| १३३१२ शसर्त अनुदान  चालु | १८५७४८५८७.३० | १९२६०५००० | १९६९३१००० |
| १३३१३ शसर्त अनुदान  पुँजीगत | २५६२६६७१ | १८०००००० | १९०००००० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ७०१७९१८ | २२०००००० | २६५००००० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ४९७८३७० | २०५००००० | ३९०००००० |
| प्रदेश सरकार | ० | ० | १९६५१००० |
| १३३११ समानिकरण अनुदान | ८४६५६२५ | ९७०५००० | ९६५१००० |
| १३३१२ शसर्त अनुदान  चालु | ० | ० | ० |

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संसोधित अनुमान | आ.व २०८१/८२ को अनुमान |
|---|---|---|---|
| १३३१४ विषेश अनुदान चालु | ४७८५१६९ | ५०००००० | ० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ० | ० | ४०००००० |
| १३३१६ समपुरक अनुदान चालु | २७२९०४० | 0 | ० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ० | ६०००००० | ६०००००० |

मंगला गाउँपालिका

बाबियाचौर, म्याग्दी

अनूसुची-२

खर्च अनुमान

चालु खर्च तर्फ

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | क्षेत्र | उपक्षेत्र | विनियोजन आ.व. २०८०/८१ रु. |
|---|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी विषय गत शाखाको लागी थप रकम | २११११ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | २०००००० |
| २ | पारिश्रमिक कर्मचारी | २११११ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | १७०००००० |
| ३ | पारिश्रमिक पदाधिकारी | २१११२ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७०००००० |
| ४ | पोशाक | २१२१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३५०००० |
| ५ | स्थानीय भत्ता | २११३१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८००००० |
| ६ | महंगी भत्ता | २११३२ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७००००० |
| ७ | फिल्ड भत्ता | २११३३ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०००००० |
| ८ | कर्मचारीको बैठक भत्ता | २११३४ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | २५०००० |
| ९ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २११३५ | सुशासन तथा अन्तरसम्बन्धीत | प्रशासकीय सुशासन | १५०००० |
| १० | पदाधिकारी बैठक भत्ता | २११४१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | ६००००० |
| ११ | पदाधिकारीअन्य सुबिधा | २११४२ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३००००० |
| १२ | पदाधिकारी अन्य भत्ता | २११४९ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | २००००० |
| १३ | कर्मचारी कल्याण कोष | २१२१४ | सुशासन तथा अन्तरसम्बन्धीत | मानव संसाधन विकास | २५००००० |
| १४ | पानी तथा बिजुली | २२१११ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | ६००००० |
| १५ | संचार महसुल | २२११२ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | २५०००० |
| १६ | सार्वजनिक उपयोगिताको सेवा खर्च | २२११३ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | २००००० |
| १७ | इन्धन (पदाधिकारी) | २२२११ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५००००० |
| १८ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३००००० |
| १९ | सवारी साधन मर्मत खर्च | २२२१३ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५००००० |
| २० | बिमा तथा नवीकरण खर्च | २२२१४ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | ६५०००० |
| २१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | ६००००० |
| २२ | मसलन्द तथा कार्यालय सामाग्री | २२३११ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | २०००००० |
| २३ | पुस्तक तथा सामाग्री खर्च | २२३१३ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३००००० |
| २५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २२३१५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३५०००० |
| २६ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २२४१२ | सुशासन तथा अन्तरसम्बन्धीत | प्रशासकीय सुशासन | ६००००० |
| २७ | करार सेवा शुल्क | २२४१३ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९०००००० |
| २८ | कर्मचारी तालिम खर्च | २२५११ | सुशासन तथा अन्तरसम्बन्धीत | मानव संसाधन विकास | ३४०००० |
| २९ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २२५१२ | सुशासन तथा अन्तरसम्बन्धीत | मानव संसाधन विकास | १५०००० |
| ३० | कार्यक्रम खर्च | २२५२२ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८००००० |
| ३१ | जनजाती लक्षित कार्यक्रम | २२५२९ | सामाजिक विकास | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | १००००० |
| ३२ | महिला लक्षित कार्यक्रम | २२५२९ | सामाजिक विकास | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | १००००० |
| ३३ | बालबालिका लक्षित कार्यक्रम | २२५२९ | सामाजिक विकास | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | १००००० |

| सि.नं. | कार्यक्रम/आयोजना/कियाकलापको नाम | खर्च शीर्षक | क्षेत्र | उपक्षेत्र | विनियोजन आ.व. २०८०/८१ रु. |
|---|---|---|---|---|---|
| ३४ | दलित लक्षित कार्यक्रम | २२५२९ | सामाजिक विकास | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | १००००० |
| ३५ | विपत व्यवस्थापन खर्च | २२५२९ | सुशासन तथा अन्तरसम्बन्धीत | विपद व्यवस्थापन | १५००००० |
| ३६ | जेष्ठ नागरिक लक्षित कार्यक्रम | २२५२९ | सामाजिक विकास | सामाजिक सुरक्षा तथा संरक्षण | १००००० |
| ३७ | अपाङगता भएका व्यक्ती लक्षित कार्यक्रम | २२५२९ | सामाजिक विकास | सामाजिक सुरक्षा तथा संरक्षण | १५०००० |
| ३८ | अनुगमन, मूल्यांकन खर्च | २२६११ | सुशासन तथा अन्तरसम्बन्धीत | अनुगमन मुल्याङ्कन | ५००००० |
| ३९ | भ्रमण खर्च | २२६१२ | कार्यालय सञ्चालन तथा प्रशासनिक | अनुगमन मुल्याङ्कन | १४००००० |
| ४० | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २२६१३ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | १००८०० |
| ४१ | विविध खर्च | २२७११ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | २०००००० |
| ४२ | सभा सञ्चालन खर्च | २२७२१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४००००० |
| ४३ | मगला शिक्षा क्याम्पस सन्चालन अनुदान | २५३११ | सामाजिक विकास | शिक्षा | १२००००० |
| ४४ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | २५३१४ | सामाजिक विकास | भाषा तथा संस्कृती | ३००००० |
| ४५ | अन्य संघसंस्था सहायता | २५३१५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३००००० |
| ४६ | छात्रवृत्ति | २७२११ | सामाजिक विकास | शिक्षा | १५०००० |
| ४७ | अध्यक्ष सग  उद्दार, राहत तथा पुनर्स्थापना खर्च | २७२१२ | सुशासन तथा अन्तरसम्बन्धीत | विपद व्यवस्थापन | ७००००० |
| ४८ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | २७२१२ | सुशासन तथा अन्तरसम्बन्धीत | विपद व्यवस्थापन | १०००००० |
| ५० | घरभाडा | २८१४२ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२००००० |
| ५१ | सवारी साधन तथा मेशिनर औजार भाडा | २८१४३ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५००००० |
| ५२ | अन्य भाडा | २८१४९ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | १००००० |
| ५३ | भैपरी आउने चालु खर्च | २८९११ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | २०००००० |
| ५५ | झोलुङ्गे पुल हेरालु पारिश्रमिक | २११११ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | १७०००० |
| ५६ | फोहोरमैला व्यवस्थापन खर्च | २२५२९ | सामाजिक विकास | खानेपानी तथा सरसफाई | ३००००० |
| ५७ | अपाङ्गता भएका व्यक्ति लक्षित सहयोग सामाग्री वितरण | २१२१९ | सामाजिक विकास | सामाजिक सुरक्षा तथा संरक्षण | १५०००० |
| ५८ | एकल महिला लक्षित कार्यक्रम | २२५२९ | सामाजिक विकास | सामाजिक सुरक्षा तथा संरक्षण | १००००० |
| ६० | अध्यक्ष कप खेलकुद कार्यक्रम संचालन खर्च | २२५२९ | सामाजिक विकास | युवा तथा खेलकुद | ५००००० |
| ६१ | द्वन्द पिडित सहायता कार्यक्रम | २५३१५ | सामाजिक विकास | सामाजिक सुरक्षा तथा संरक्षण | १००००० |
| ६२ | स्वकिय सचिवको पारिश्रमिक | २११११ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४४०००० |
| ६३ | मनसुनजन्य, आगोलागिजन्य,विपद निजि आवास पुनर्निर्माण तथा पुनर्स्थापना खर्च | २७१११ | सामाजिक विकास | सामाजिक सुरक्षा तथा संरक्षण | १०००००० |
| ६४ | उत्पादनमा आधारित प्रोत्साहन अनुदान | | सामाजिक विकास | सामाजिक सुरक्षा तथा संरक्षण | २००००० |
| ६५ | महिला जनप्रतिनिधी अध्ययन अवलोकन तथा क्षमता विकास खर्च | २२५२९ | सामाजिक विकास | सामाजिक सुरक्षा तथा संरक्षण | ३००००० |
| ६६ | परम्परागत आरन संरक्षण कार्यक्रम | | पूर्वाधार विकास | सम्पदा पूर्वाधार | १००००० |

| सि.नं. | कार्यक्रम/आयोजना/कियाकलापको नाम | खर्च शीर्षक | क्षेत्र | उपक्षेत्र | विनियोजन आ.व. २०८०/८१ रु. |
| --- | --- | --- | --- | --- | --- |
| ६७ | उपाध्यक्षसंग महिला शसक्तिकरण कार्यक्रम | | सामाजिक विकास | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ३००००० |
| ६८ | विपन्न वालबालिका सहायता कार्यक्रम | | सामाजिक विकास | सामाजिक सुरक्षा तथा संरक्षण | १५०००० |
| ६९ | न्यायीक समिति सचिवालय संचालन खर्च | | सुशासन तथा अन्तरसम्बन्धीत | कानुन तथा न्याय | १००००० |
| ७० | प्रदेश शसर्त तथा राजश्व फिर्ता | | सुशासन तथा अन्तरसम्बन्धीत | प्रशासकीय सुशासन | ६०००००.० |
| ७१ | गत आ.व को भुक्तानी बाँकी | ३११५९ | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०००००० |
| ७२ | बालमैत्री स्थानीय तह निर्माण कार्यक्रम | | सामाजिक विकास | सामाजिक सुरक्षा तथा संरक्षण | ३००००० |
| ७३ | असल अभ्यास अध्यन अवलोकन खर्च | | सुशासन तथा अन्तरसम्बन्धीत | मानव संसाधन विकास | ६००००० |
| ७४ | मानव सेवा आश्रम अनुदान सहयोग | | सामाजिक विकास | सामाजिक सुरक्षा तथा संरक्षण | १००००० |
| ७५ | परामर्श सेवा | | सुशासन तथा अन्तरसम्बन्धीत | प्रशासकीय सुशासन | १००००० |
| ७६ | आधारभुत तहको विद्यालयको शैक्षिक अध्ययन अवलोकन भ्रमण अनुदान | | सुशासन तथा अन्तरसम्बन्धीत | अनुगमन मुल्याङ्कन | ५००००० |
| ७७ | युवा उत्प्रेरणा कार्यक्रम | | सामाजिक विकास | युवा तथा खेलकुद | ३००००० |
| | | | | | ७४४००८०० |

**मंगला गाउँपालिका**

**बाबियाचौर, म्याग्दी**

**अनूसुची-२**

**खर्च अनुमान**

**पुँजिगत खर्चतर्फ**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | क्षेत्र | उपक्षेत्र | विनियोजन आ.व. २०८१/८२ |
|---|---|---|---|---|---|
| १ | फर्निचर तथा फिक्चर्स | ३१११५ | कार्यालय सञ्चालन तथा प्रशासनीक | कार्यालय सञ्चालन तथा प्रशासनीक | ५०००००.०० |
| २ | परामर्श सेवा खर्च | ३११३५ | पूर्वाधार विकास | सम्पदा पूर्वाधार | १००००००.०० |
| ३ | मेसीनरी औजार खरिद | ३११२२ | कार्यालय सञ्चालन तथा प्रशासनीक | कार्यालय सञ्चालन तथा प्रशासनीक | ५०००००.०० |
| ४ | प्रशासकीय भवनको लागि जग्गा खरिद तथा व्यवस्थापन | ३१४११ | सुशासन तथा अन्तर्सम्बन्धीत | प्रशासकीय सुशासन | १०५०००००.०० |
| ५ | पुल्चोक पिपलबोट-पाँखु-धारा-शिर्कुम-टिकाबाङ मोटरबाटो स्तरोन्नती समपुरक | ३११५१ | पूर्वाधार विकास | यातायात पूर्वाधार | १७००००००.०० |
| ६ | सिम-कोत्रबाङ-खुम्लिया- पैँयुपाटा-कुँहुँ-पुर्णगाउँ-टोड्के मोटरबाटो (क्रमागत) समपुरक | ३११५१ | पूर्वाधार विकास | यातायात पूर्वाधार | २२००००००.०० |
| ७ | प्रदेश समपुरक | ३११५९ | पूर्वाधार विकास | यातायात पूर्वाधार | ४००००००.०० |
| ८ | सपुरक नेपाल स्वस्थ्यका लागि खानेपानी (नेवा) | ३११५९ | सामाजिक विकास | खानेपानी तथा सरसफाई | ५६०००००.०० |
| ९ | समपुरक कोष (सडक बोर्ड, झो.पु. तथा अन्य) | ३११५९ | पूर्वाधार विकास | यातायात पूर्वाधार | ५००००००.०० |
| १० | सडक मर्मत सम्भार तथा सरसफाइ खर्च | ३११५९ | पूर्वाधार विकास | यातायात पूर्वाधार | २००००००.०० |
| ११ | खुम्लिया सामूदायीक भवन निर्माण | | पूर्वाधार विकास | भवन आवास तथा सहरी विकास | १००००००.०० |
| १२ | मंगला इन्द्रेणी पार्क तथा खड्गनन्द संग्रहालय व्यवस्थापन तथा पूर्वाधार विकास कार्यक्रम | | पूर्वाधार विकास | सम्पदा पूर्वाधार | ५०००००.०० |
| १३ | भेडाबारी भोर्लेनी सडक निर्माण आयोजना | | पूर्वाधार विकास | यातायात पूर्वाधार | १५०००००.०० |
| १४ | भैपरी आउने पूर्वाधार खर्च | | पूर्वाधार विकास | यातायात पूर्वाधार | ४०००००.०० |
| १५ | ५ नं. वडा कार्यालय भवन मर्मत | | पूर्वाधार विकास | भवन आवास तथा सहरी विकास | १००००००.०० |
| १६ | माटेबगर सार्वजनिक भवन मर्मत (आमा समूह, पशु सेवा शाखा) | | पूर्वाधार विकास | भवन आवास तथा सहरी विकास | ४०००००.०० |
| १७ | ३ नं. वडा कार्यालय भवन मर्मत | | पूर्वाधार विकास | भवन आवास तथा सहरी विकास | १०००००.०० |
| १८ | म्याग्दी बहुमुखी क्याम्पस सञ्चालन अनुदान | | सामाजिक विकास | शिक्षा | ३०००००.०० |
| १९ | कुँहूकोट खेलमैदान निर्माण आयोजना | | सामाजिक विकास | युवा तथा खेलकुद | १००००००.०० |
| २० | भर्जुला काउले सडक निर्माण आयोजना | | पूर्वाधार विकास | यातायात पूर्वाधार | १००००००.०० |
| २१ | भोर्लाबोट चन्निका पदमार्ग निर्माण तथा मर्मत आयोजना (प्र.म. रोजगार साझेदारी) | | पूर्वाधार विकास | सम्पदा पूर्वाधार | ५०००००.०० |
| २२ | देउराली यूवाक्लव खेल मैदान निर्माण आयोजना | | पूर्वाधार विकास | भवन आवास तथा सहरी विकास | २५००००.०० |
| २३ | सिमलचौर लामोछहरा पदमार्ग निर्माण आयोजना | | पूर्वाधार विकास | सम्पदा पूर्वाधार | ५०००००.०० |
| २४ | न्यालेखोर खेलमैदान निर्माण आयोजना | | सामाजिक विकास | युवा तथा खेलकुद | ५०००००.०० |
| २५ | मंगला मा.वि. भवन व्यवस्थापन | | पूर्वाधार विकास | भवन आवास तथा सहरी विकास | १००००००.०० |
| २६ | त्रीभुवन मंगला मा.वि. शौचालय निर्माण | | पूर्वाधार विकास | भवन आवास तथा सहरी विकास | ५०००००.०० |
| २७ | झाक्रीपानी पाखर्क सडक निर्माण आयोजना | | पूर्वाधार विकास | यातायात पूर्वाधार | १५०००००.०० |
| २८ | ज्यामिरे घुम्ती ढलान | | पूर्वाधार विकास | यातायात पूर्वाधार | ५०००००.०० |
| २९ | घट्टेखोला प्याला सिंचाई आयोजना | | आर्थिक विकास | जलस्रोत तथा सिंचाई | २०००००.०० |
| ३० | सोलधारा बुकेनी मोटरबाटो निर्माण | | पूर्वाधार विकास | यातायात पूर्वाधार | १५०००००.०० |
| ३१ | ठुलाखोला सिंचाई आयोजना, महेश | | आर्थिक विकास | जलस्रोत तथा सिंचाई | २५००००.०० |
| ३२ | गौथलि सिंचाई आजोजना धापुङ | | आर्थिक विकास | जलस्रोत तथा सिंचाई | २५००००.०० |
| ३३ | धारा मालिमा बन्दुके मोटरबाटो निर्माण | | पूर्वाधार विकास | यातायात पूर्वाधार | १००००००.०० |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | क्षेत्र | उपक्षेत्र | विनियोजन आ.व. २०८१/८२ |
|---|---|---|---|---|---|
| ३४ | उपल्लो छिसबाङ सिँचाई आयोजना | | आर्थिक विकास | जलस्रोत तथा सिंचाई | १००००००.०० |
| ३५ | नेटा सामुदायिक भवन निर्माण | | पूर्वाधार विकास | भवन आवास तथा सहरी विकास | ५०००००.०० |
| ३६ | साउनेपानी पहिरो संरक्षण | | सुशासन तथा अन्तर्सम्बन्धीत | वातावरण तथा जलवायु | ३०००००.०० |
| ३७ | शारदा मा.वि शौचालय निर्माण | | पूर्वाधार विकास | भवन आवास तथा सहरी विकास | ५०००००.०० |
| ३८ | निजि आवास पुनर्स्थापना कार्यक्रम | | सुशासन तथा अन्तर्सम्बन्धीत | गरिवि निवारण | ५०००००.०० |
| ३९ | पाखु हिलवाङ पात्लेघर मोटरबाटो निर्माण | | पूर्वाधार विकास | यातायात पूर्वाधार | ६०००००.०० |
| ४० | चाङगा सामुदायिक भवन निर्माण | | पूर्वाधार विकास | भवन आवास तथा सहरी विकास | ४०००००.०० |
| | | | | | ८७५५००००.०० |

मंगला गाउँपालिका

# Budget appropriation in accordance with program / project

वडा नं १

८०४४४५०३१०१ मंगला गाउँपालिका

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | क्षेत्र | उपक्षेत्र | विनियोजन आ.व. २०८०/८१ |
|---|---|---|---|---|---|
| | पुजिगत खर्च | | | | |
| १ | पुर्णगाउ कालोढुङगा ढलनिकास योजना | | पूर्वाधार विकास | यातायात पूर्वाधार | ३००००० |
| २ | जनआवाज आ.वि भवन मर्मत योजना | | पूर्वाधार विकास | यातायात पूर्वाधार | ४००००० |
| ३ | मनकामना आमासमुह भवन  घेरावार | | पूर्वाधार विकास | भवन आवास तथा सहरी विकास | ३००००० |
| ४ | थाईवाङ आ.वि सिलिङ निर्माण | | पूर्वाधार विकास | भवन आवास तथा सहरी विकास | २५०००० |
| ५ | डहरे खानेपानी योजना | | सामाजिक विकास | खानेपानी तथा सरसफाई | १५०००० |
| ६ | कृषि सामग्री खरिद तथा वितरण (५०% अनुदान) | | आर्थिक विकास | कृषि | ५००००० |
| ७ | सडक मर्मत सम्भार खर्च | | पूर्वाधार विकास | यातायात पूर्वाधार | ५००००० |
| | चालु खर्च | | | | |
| ८ | भैपरी आउने खर्च | | कार्यालय सञ्चालन तथा प्रशासनीक | कार्यालय सञ्चालन तथा प्रशासनीक | १००००० |
| | जम्मा | | | | २५००००० |

मंगला गाउँपालिका

Budget appropriation in accordance with program / project

वडा नं २

८०४४४५०३१०१ मंगला गाउँपालिका

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | क्षेत्र | उपक्षेत्र | विनियोजन आ.व. २०८०/८१ |
|---|---|---|---|---|---|
| पुजिगत खर्च | | | | | |
| १ | सिद्दशान्ति युवाक्लब खेलमैदान घेराबार | | सामाजिक विकास | युवा तथा खेलकुद | २५०००० |
| २ | हिदि मलामि घर निर्माण | | पूर्वाधार विकास | सम्पदा पूर्वाधार | १००००० |
| ३ | खात्रुङखोला मज्याङ मोटरबाटो निर्माण | | पूर्वाधार विकास | यातायात पूर्वाधार | ३००००० |
| ४ | रणवाङ सिँचाई योजना | | आर्थिक विकास | जलस्रोत तथा सिंचाई | ३००००० |
| ५ | आम्वोट सिँचाई योजना | | आर्थिक विकास | जलस्रोत तथा सिंचाई | १५०००० |
| ६ | चुदारे सल्यान जोड्ने गोरेटो बाटो निर्माण (प्र.म रोजगार साझेदारी) | | पूर्वाधार विकास | सम्पदा पूर्वाधार | १००००० |
| ७ | मंगला मावि ग्रेड शिक्षक व्यवस्थापन अनुदान | | सामाजिक विकास | शिक्षा | २५०००० |
| ८ | सल्यान शिवालय मन्दिर निर्माण | | पूर्वाधार विकास | सम्पदा पूर्वाधार | ३००००० |
| ९ | सिमलचौर शिवालय मन्दिर निर्माण | | पूर्वाधार विकास | सम्पदा पूर्वाधार | ३००००० |
| १० | जानकि आ.वि भवन मर्मत | | पूर्वाधार विकास | भवन आवास तथा सहरी विकास | १५०००० |
| ११ | कृषि भेटेरिनरी कार्यक्रम खर्च | | आर्थिक विकास | कृषि | ४००००० |
| १३ | डडुवा आमासमुह चर्पी निर्माण | | पूर्वाधार विकास | भवन आवास तथा सहरी विकास | १५०००० |
| १४ | पढ्दै कमाउदै कार्यक्रम संचालन खर्च | | सामाजिक विकास | शिक्षा | ५०००० |
| चालु खर्च | | | | | |
| १२ | भैपरि आउने चालु खर्च | | कार्यालय सञ्चालन तथा प्रशासनीक | कार्यालय सञ्चालन तथा प्रशासनीक | ७००००० |
| | | | | | ३५००००० |

मंगला गाउँपालिका

Budget appropriation in accordance with program / project

वडा नं ३

८०४४४५०३१०१ मंगला गाउँपालिका

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | क्षेत्र | उपक्षेत्र | विनियोजन आ.व. २०८०/८१ |
|---|---|---|---|---|---|
| पुजिगत खर्च | | | | | |
| १ | पुन्यजन आ.वि वालविकास कक्षा व्यवस्थापन अनुदान | | सामाजिक विकास | भवन आवास तथा सहरी विकास | १००००० |
| २ | सिस्नेरी खानेपानी योजना | | सामाजिक विकास | खानेपानी तथा सरसफाई | १००००० |
| ३ | पखेर आ.वि शैक्षिक सामग्री खरिद अनुदान | | सामाजिक विकास | शिक्षा | १००००० |
| ४ | दुईपाटे खानेपानी मर्मत योजना | | सामाजिक विकास | खानेपानी तथा सरसफाई | १००००० |
| ५ | पखेर खेलमैदान निर्माण योजना | | सामाजिक विकास | युवा तथा खेलकुद | २००००० |
| ६ | हाँसेडाँडा पिपलडाडा मोटरबाटो निर्माण योजना | | पूर्वाधार विकास | यातायात पूर्वाधार | १००००० |
| ७ | दह शिवालय खेलमैदान निर्माण योजना | | सामाजिक विकास | युवा तथा खेलकुद | १००००० |
| ८ | लालिगुरास आमा समुह भवन निर्माण योजना | | पूर्वाधार विकास | भवन आवास तथा सहरी विकास | ३००००० |
| ९ | गिरी स्मृति खेलमैदान निर्माण योजना | | सामाजिक विकास | युवा तथा खेलकुद | ३००००० |
| १० | दुर्गा आ.वि भवन मर्मत योजना | | पूर्वाधार विकास | भवन आवास तथा सहरी विकास | ५०००० |
| ११ | चिनाकोट पैदल मार्ग निर्माण योजना | | पूर्वाधार विकास | सम्पदा पूर्वाधार | १००००० |
| १२ | दलित भवन निर्माण योजना खर्क | | पूर्वाधार विकास | भवन आवास तथा सहरी विकास | २००००० |
| चालु खर्च | | | | | |
| १३ | बिबिध खेलकुद कार्यक्रम खर्च | | सामाजिक विकास | युवा तथा खेलकुद | १००००० |
| १४ | बिबध खर्च | | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५०००० |
| | | | | | २०००००० |

मंगला गाउँपालिका

Budget appropriation in accordance with program / project

वडा नं ४

८०४४४५०३१०१ मंगला गाउँपालिका

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | क्षेत्र | उपक्षेत्र | विनियोजन आ.व. २०८०/८१ |
|---|---|---|---|---|---|
| पुजिगत खर्च | | | | | |
| १ | साबुन बनाउने तालिम तथा प्रबिधी हस्तान्तरण | | आर्थिक विकास | उद्योग | ३००००० |
| २ | सिस्नोको परिकार बनाउने तालिम तथा प्रविधी हस्तानतरण | | आर्थिक विकास | उद्योग | ३००००० |
| ३ | कोदोको बिस्कुट बनाउने तालिम तथा प्रविधी हस्तान्तरण | | आर्थिक विकास | उद्योग | ५००००० |
| ४ | भेटेरिनरी कार्यक्रम खर्च | | आर्थिक विकास | पशु विकास | ५०००० |
| ५ | विपन्न वालबालिकालाई पोषाक तथा शैक्षिक सामग्री हस्तानतरण कार्यक्रम | | सामाजिक विकास | सामाजिक सुरक्षा तथा | ५०००० |
| ६ | वडा कार्यालय प्रशासनिक खर्च | | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५०००० |
| ७ | सडक सरसफाई तथा मर्मतसम्भार खर्च | | पूर्वाधार विकास | यातायात पूर्वाधार | २००००० |
| चालु खर्च | | | | | |
| ८ | भैपरि आउने खर्च | | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५०००० |
| | | | | | १५००००० |

मंगला गाउँपालिका

# Budget appropriation in accordance with program / project

वडा नं ५

८०४४४५०३१०१ मंगला गाउँपालिका

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | क्षेत्र | उपक्षेत्र | विनियोजन आ.व. २०८०/८१ |
|---|---|---|---|---|---|
| पुजिगत खर्च | | | | | |
| १ | कृषि कार्यक्रम खर्च | | आर्थिक विकास | कृषि | ४५०००० |
| २ | पशु विकास कार्यक्रम | | आर्थिक विकास | पशु विकास | १००००० |
| ३ | सडक मर्मत सम्भार | | पूर्वाधार विकास | यातायात पूर्वाधार | ५००००० |
| ४ | स्वास्थ्य कार्यक्रम | | सामाजिक विकास | स्वास्थ्य | १००००० |
| ५ | शिक्षा कार्यक्रम | | सामाजिक विकास | शिक्षा | २५०००० |
| ६ | प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी | | सुशासन तथा अन्तरसम्बन्धित | श्रम तथा रोजगार | ६००००० |
| ७ | मुसलबारी साना सिचाई योजना | | आर्थिक विकास | जलस्रोत तथा सिंचाई | १५०००० |
| ८ | सिद्दार्थ खेल मैदान | | सामाजिक विकास | युवा तथा खेलकुद | १००००० |
| ९ | शिशुकल्याण मा.वि भवन मर्मत | | पूर्वाधार विकास | भवन आवास तथा सहरी विकास | २५०००० |
| ११ | घोडाकन्या मलामी घर निर्माण | | पूर्वाधार विकास | सम्पदा पूर्वाधार | १५०००० |
| १२ | कुर्सिम्ला तटबन्धन | | सशासन तथा अन्तरसम्बन्धित | वातावरण तथा जलवायु | १००००० |
| १३ | किमचौर मलामि घर निर्माण | | पूर्वाधार विकास | सम्पदा पूर्वाधार | १५०००० |
| चालु खर्च | | | | | |
| १४ | भैपरी आउने खर्च | | कार्यालय सञ्चालन तथा प्रशासनिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३००००० |
| | | | | | ३२००००० |

मंगला गाउँपालिका

बाबियाचौर, म्याग्दी

अनूसुची-२

खर्च अनुमान

स्वास्थ्य

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | क्षेत्र | उपक्षेत्र | विनियोजन आ.व. २०८१/८२ |
|---|---|---|---|---|---|
| १ | न्युनतम सेवा मापदण्ड फलोअपका लागि ल्यापटप संचार साधन तथा अन्य आवश्यक सामाग्री खरिद | | सुशासन तथा अन्तरसम्बन्धित | | २००००0.00 |
| २ | दिवसिय कार्यक्रम तथा स्वास्थ्यकर्मी पुरस्कार प्रोत्साहन | | सामाजिक विकास | स्वास्थ्य | ३५०००.०० |
| ३ | स्वास्थ्य संस्था डिजिटाईजेसन कार्यक्रम (EHMIS( | | सामाजिक विकास | स्वास्थ्य | १०००००.०० |
| ४ | स्वास्थ्य चौकी व्यवस्थापन तथा प्रशासनिक खर्च | | सामाजिक विकास | स्वास्थ्य | १४००००.०० |
| ५ | ग्रामिण अल्ट्रासाउण्डका लागि तालिम (१ जना नर्सिङ्ग कर्मचारी) | | सामाजिक विकास | स्वास्थ्य | ४००००.०० |
| ६ | दक्ष प्रसुतीकर्मीका लागि स्थलगत अनुशिक्षण कार्यक्रम | | सामाजिक विकास | स्वास्थ्य | ६००००.०० |
| ७ | Clinical mentoring तालिम (१ जना नर्सिङ्ग कर्मचारी) | | सामाजिक विकास | स्वास्थ्य | २५०००.०० |
| ८ | सामाजिक परिक्षण (४ वटा स्वास्थ्य चौकी) | | सामाजिक विकास | स्वास्थ्य | १०००००.०० |
| ९ | मातृसुरक्षा कार्यक्रम मोबाईल टपअप तथा मिजोप्रोस्टल खरिद | | सामाजिक विकास | स्वास्थ्य | १०००००.०० |
| १० | गाउँघर स्वास्थ्य शिक्षा कार्यक्रम | | सामाजिक विकास | स्वास्थ्य | १६००००.०० |
| ११ | स्वास्थ्य शिविर कार्यक्रम | | सामाजिक विकास | स्वास्थ्य | ५०००००.०० |
| १२ | संस्थागत सुत्केरीका पुर्व प्रसुती कक्ष व्यवस्थापन | | सामाजिक विकास | स्वास्थ्य | ४००००.०० |
| १३ | औषधी खरिद खर्च | | सामाजिक विकास | स्वास्थ्य | १२५००००.०० |
| १४ | सुत्केरी महिलासँग उपाध्यक्ष कार्यक्रम | | सामाजिक विकास | स्वास्थ्य | ३०००००.०० |
| | | | | | ३०५००००.०० |

मंगला गाउँपालिका

बाबियाचौर, म्याग्दी

अनूसुची-२

खर्च अनुमान

भेटनरी

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | क्षेत्र | उपक्षेत्र | विनियोजन आ.व. २०८१/८२ |
|---|---|---|---|---|---|
| | चालु खर्च | | | | |
| १ | भेटेरिनरी औषधि तथा खोप खरीद ढुवानी तथा वितरण कार्यक्रम | | आर्थिक विकास | पशु विकास | ७००००००.०० |
| २ | छाडा तथा घरपालुवा कुकुर तथा बिरालो हरुको बन्ध्याकरण कार्यक्रम | | आर्थिक विकास | पशु विकास | २०००००.०० |
| ३ | नमूना बाखा पालन टोल निर्माण (५०% अनुदान) | | आर्थिक विकास | पशु विकास | ६५००००.०० |
| ४ | सुत्केरी पशु आहारा प्रोत्साहन कार्यक्रम | | आर्थिक विकास | पशु विकास | २०००००.०० |
| ५ | पशु बाँझोपन तथा कुपोषण निवारण शिविर | | आर्थिक विकास | पशु विकास | ३०००००.०० |
| ६ | पशु बिमा कार्यक्रम (५०% अनुदान) | | आर्थिक विकास | पशु विकास | २५००००.०० |
| ७ | घाँसको बिउ खरिद ढुवानी तथा वितरण कार्यक्रम (हिउँदे,वर्षे र डाँले घाँस) (५०% अनुदान) | | आर्थिक विकास | पशु विकास | १५००००.०० |
| ८ | पशु सेवा शाखा सञ्चालन (कार्यालय प्रयोजन) | | आर्थिक विकास | पशु विकास | ५००००.०० |
| ९ | व्यवसायिक पशुपंक्षी पालन सम्बन्धी तालिम | | आर्थिक विकास | पशु विकास | १५००००.०० |
| १० | अनुगमन ढुवानी तथा विविध खर्च | | आर्थिक विकास | पशु विकास | ५००००.०० |
| १२ | जुनोटिक रोग तथा अन्य सरुवा रोगहरु बारे स्कूलस्तरमा शिक्षा कार्यक्रम | | आर्थिक विकास | पशु विकास | ५००००.०० |
| | पुजिगत खर्च | | | | |
| १३ | भेटेरिनरी सम्बन्धी दिवस सञ्चालन कार्यक्रम | | आर्थिक विकास | पशु विकास | ५००००.०० |
| ११ | च्याकटर खरिद ढुवानी तथा वितरण कार्यक्रम (५०% अनुदान) | | आर्थिक विकास | पशु विकास | २०००००.०० |
| | | | | | २८०००००.०० |

मंगला गाउँपालिका

बाबियाचौर, म्याग्दी

अनूसुची-२

खर्च अनुमान

कृषि

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | क्षेत्र | उपक्षेत्र | विनियोजन आ.व. २०८१/८२ |
|---|---|---|---|---|---|
| | चालु खर्च | | | | |
| १ | कृषक दिवस तथा कृषक प्रोत्साहन कार्यक्रम | | आर्थिक विकास | कृषि | १०००००.०० |
| २ | बाली उपचार शिवीर तथा विषादी खरिद कार्यक्रम | | आर्थिक विकास | कृषि | २०००००.०० |
| ३ | कन्ने च्याउको बिउ वितरण | | आर्थिक विकास | कृषि | १०००००.०० |
| ४ | तोरिको उन्नत बिउ वितरण | | आर्थिक विकास | कृषि | १०००००.०० |
| ९ | अनुगमन,भ्रमण,प्रतिवेदन तथा कार्यालय सञ्चलन खर्च | | सुशासन तथा अन्तरसम्बन्धीत | अनुगमन तथा मुल्याङ्कन | १०००००.०० |
| | पुजिगत खर्च | | | | |
| ५ | ग्रीन हाउस  निर्माण | | आर्थिक विकास | कृषि | ५०००००.०० |
| ६ | अलैची बिरुवा वितरण | | आर्थिक विकास | कृषि | १०००००.०० |
| ७ | वर्षे फलफुल विरुवा वितरण(सुन्तला,कागती,केरा,लिची) | | आर्थिक विकास | कृषि | २०००००.०० |
| ८ | हिउदे फलफुल विरुवा वितरण(दाते ओखर) | | आर्थिक विकास | कृषि | २०००००.०० |
| १० | कृषि मेशिनरी औजार तथा सामाग्री खरिद र वितरण (५०% अनुदान) | | आर्थिक विकास | कृषि | ९०००००.०० |
| | | | | | २५०००००.०० |

मंगला गाउँपालिका

बाबियाचौर, म्याग्दी

अनूसुची-२

खर्च अनुमान

शिक्षा मंगला गाउँपालिका

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | क्षेत्र | उपक्षेत्र | विनियोजन आ.व. २०८१/८२ |
|---|---|---|---|---|---|
| १ | बालबिकास सहजकर्ता तथा विद्यालय शिक्षक पारिश्रमिक | | सामाजिक विकास | शिक्षा | १२३००००० .०० |
| २ | स्थानीय पाठ्यपुस्तक लेखन | | सामाजिक विकास | शिक्षा | ४००००० .०० |
| ३ | शैक्षिक क्यालेन्डर तथा अन्य शैक्षिक सामग्री छपाइ | | सामाजिक विकास | शिक्षा | १००००० .०० |
| ४ | सिकाई उपलब्धी अभिवृद्धिका लागी बिषयगत समुह परिचालन कार्यक्रम | | सामाजिक विकास | शिक्षा | १००००० .०० |
| ५ | विद्यालय व्यवस्थापन समिति पदाधिकारी हरुको विद्यालय व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम | | सामाजिक विकास | शिक्षा | १००००० .०० |
| ६ | बालबालिका संग अध्यक्ष कार्यक्रम(बालबिकास केन्द्रका बालाबालिकाहरुलाई दुध वितरण) | | सामाजिक विकास | शिक्षा | ११००००० .०० |
| ७ | प्र.अ बैठक तथा त्रैमासिक शैक्षिक समिक्षा कार्यक्रम | | सामाजिक विकास | शिक्षा | १००००० .०० |
| ८ | कक्षा ५, ८ र १० को परिक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्नर विद्यालय,विद्यार्थी तथा शिक्षक सम्मान तथा प्रोत्साहन कार्यक्रम | | सामाजिक विकास | शिक्षा | १००००० .०० |
| ९ | बिद्यार्थी तथा शिक्षक प्रतिभा पहिचानको लागी गा.पा स्तरिय सह/अतिरिक्त कार्यक्रम | | सामाजिक विकास | शिक्षा | १००००० .०० |
| १० | कक्षा ८ को परिक्षा संचालन,अनुगमन तथा सुपरिवेेक्षण,प्रमाणीकरण र विद्यार्थी मुल्याङकन खर्च | | सामाजिक विकास | शिक्षा | ३००००० .०० |
| ११ | लेखा, जिन्सी व्यवस्थापन तालिम | | सामाजिक विकास | शिक्षा | २००००० .०० |
| १२ | विषयगत तालिम | | सामाजिक विकास | शिक्षा | १००००० .०० |
| १३ | IEMIS व्यवस्थापन सम्बन्धी तालिम | | सामाजिक विकास | शिक्षा | १००००० .०० |
| १४ | गा.पा/जिल्ला स्तरीय राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिता | | सामाजिक विकास | शिक्षा | १२००००० .०० |
| | | | | | १६३००००० .०० |